**सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालका कोषाध्यक्ष श्रीकृष्ण बम मल्ल द्वारा नवौं वार्षिक साधारण सभामा पेश गर्नुभएको आ.व.०७१/०७२ को आर्थिक प्रतिवेदन।**

**अध्यक्षज्यू तथा सदस्य महानुभावहरु,**

सम्मानित यस समाजको साधारण सभामा समाजको कोषाध्यक्षको हैसियतले रजिर्ष्टड लेखापरीक्षक ज्ञानेन्द्र क्षेत्रीबाट भएको लेखापरीक्षण हिसावको जानकारी गराउन चाहन्छु। यसमा आ.व. ०७१/०७२ सम्म भएको आम्दानी खर्चको विवरण यस प्रकार रहेको छ।

यस आ.व. भित्र हामीलाई सदस्यता शुल्क बाट रु.३५,०००।-(पैतिस हजार रुपैयाँ मात्र), त्यसैगरि सेवा शुल्क बापत प्राप्त रु. १३२२।- (एक हजार तीन सय बाइस रुपैया मात्र), विविध आम्दानी रु.२५,०००।- (पच्चिस हजार रुपैयाँ मात्र) परिचय पत्र वापतको शुल्क रु.७७,०००।- (सतहत्तर रुपैयाँ मात्र) र बैंक व्याज रु.३९,९७७।- (उनन्चालिस हजार नौ सय सतहत्तर रुपैयाँ मात्र) समेत जम्मा रु.१७८,२९८।- (एक लाख अठहत्तर हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) आम्दानी भएको थियो।

नर्कोडबाट रु.३४,७१,१९९।- (चौंतिस लाख एकहत्तर हजार एक सय उनान्सय रुपैयाँ मात्र) प्राप्त भएको छ। जसबाट कर्मचारीको लागि तलब रु.१९,२४,६३७।- (उन्नाइस लाख चौबिस हजार छ सय सैंतिस रुपैयाँ मात्र), तालिम तर्फ रु.१३,६४६।- (तेह्र हजार छ सय छयालिस रुपैयाँ मात्र), बिजुली रु.२९,०१२।- (उनन्तीस हजार बाह्र रुपैयाँ मात्र), इन्टरनेट र टेलिफोन रु.५७,७०४।- (सन्ताउन्न हजार सात सय चार रुपैयाँ मात्र), घरभाडा रु.३१३,६३६।- (तीन लाख तेह्र हजार छ सय छत्तीस रुपैयाँ मात्र), स्टेसनरी तथा प्रिन्टीङ्ग रु.१६५,६३१।- (एक लाख पैंसट्टी हजार छ सय एकतिस रुपैयाँ मात्र), लेखा परिक्षण शुल्क रु.८३,५००।-(त्रियासी हजार पाँच सय रुपैयाँ मात्र), खाजा तथा सत्कार रु.२०९,८०१।- (दुई लाख नौ हजार आठ सय एक रुपैयाँ मात्र), वेवसाइट तथा कम्प्यूटर मर्मत रु.१७,५९०।-(सत्र हजार पाँच सय नब्बे रुपैयाँ मात्र), पेट्रोल तथा सवारी साधन मर्मत रु.२७,१७२।- (सत्ताइस हजार एक सय बहत्तर रुपैयाँ मात्र) सचेतना कार्यक्रम रु.३७५,८११।- (तीन लाख पचहत्तर हजार आठ सय एघार रुपैयाँ मात्र), लाइसेन्सिङ्ग कार्यक्रम रु.४,९५०।- (चार हजार नौ सय पचास मात्र), सञ्चार तथा यातायात रु.३६,५५५।-(छत्तिस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र), कार्यसमिति बैठक तथा खर्च रु.१८०,०००।- (एक लाख असी हजार रुपैयाँ मात्र), विविध खर्च रु.१८,५१३।- (अठार हजार पाँच सय तेह्र रुपैयाँ मात्र), अतिथि सत्कार रु.८८,६९०।- (अठासी हजार छ सय नब्बे रुपैयाँ मात्र), सूचना छपाई तथा विज्ञापन रु.६६,०३३।- (छैसट्ठी हजार तेत्तीस रुपैयाँ मात्र), नविकरण शुल्क (CISAC and SUISA) रु.११२,४२१।- (एक लाख बाह्र हजार चार सय एक्काइस रुपैयाँ मात्र), ह्रासकट्टी रु.२००,७२९।- (दुई लाख सात सय उनन्तीस रुपैयाँ मात्र) गरी जम्मा रु.३९,४६,२२५।- (उनन्चालिस लाख छयालिस हजार दुई सय पच्चिस रुपैयाँ मात्र) खर्च हुन गएको छ। त्यस्तै स्थिर सम्पत्ति रु.६३१,५३३।- (छ लाख एकतीस हजार पाँच सय तेत्तीस रुपैयाँ मात्र), फछ्यौट हुन बाँकी तथा विभिन्न व्यक्तिहरुबाट उठ्न बाँकी रकम रु.३२३,६३१।- (तीन लाख तेइस हजार छ सय एकतीस रुपैयाँ मात्र) र बैंकमा रु.३५,७४,३३०।- (पैंतीस लाख चौहत्तर हजार तीन सय तीस रुपैयाँ मात्र) बाँकी रहेको छ। वितरण गर्नुपर्ने रोयल्टी रकम रु.३५,५९,५८१।- (पैंतीस लाख उनन्साठी हजार पाँच सय एकासी रुपैयाँ मात्र) रहन गएको छ। धन्यवाद!

२०७३/०५/११
काठमाण्डौ

MRCON
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

श्रीकृष्ण बम मल्ल
कोषाध्यक्ष

**द्रष्टव्यः** उपरोक्त आर्थिक विवरण आ.व.२०७१/०७२ को लेखा परिक्षण प्रतिवेदनको आधारमा तयार गरिएको हो। आ.व. २०७२/०७३ को लेखा परिक्षण भई प्रतिवेदन आउन अझै केहि समय लाग्ने हुनाले यसपालि साधारण सभामा सो प्रतिवेदन पेश हुन सकेन।

Scanned with CamScanner